Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

वेवसाईट, होस्टिङ, अनलाईन रेडियो, एस.एम. एस. तथा एस.एम. एस. भोटिङका साथै सफ्टवेयर एप्स चाहिएमा हामीलाई सम्झनुहोस ।
सम्पर्कः
Websoft IT Nepal Pvt. Ltd.
Biratnagar, Morang
www.websoftitnepal.com
9842278940

❑ वर्ष ८ ❑ अंक ९ २०७६ असोज ५ गते आईतवार Sunday 22, SEP, 2019 ❑ पृष्ठः ६, ❑ मूल्य रु. १०/-

## जितुवाहन बाबाको पुजापाठ गरी जितिया पर्व

विराटनगर । थारु, पिछडा वर्ग, दलित, उच्च वर्गका मधेशी महिलाहरुले मनाउने जितियापर्व चौक-चौकमा जितिया महोत्सव लाई संस्कृतिक कार्यक्रमको आयोजना गरी भव्य रुपमा मनाउने गरिएको छ ।

विराटनगरको सुजिता चौधारीको नेतृत्वमा अमरटोलमा, बसुन्धरा झाको नेतृत्वमा महेन्द्र मोरंग अदर्श बहुमुखी क्यापसमा, राधा मण्डलको नेतृत्वमा सरौचियामा र अन्तिम दिन भाद्र ४ गते जितिया पर्व समारोह समिति विराटनगर-१० शान्ति चौक लगायत विराटनगरको दर्जनौ ठाउंमा जितिया महोत्व पर्व भव्यताका साथ मनाएका छन् ।

उपरापुर्व कालदेखि नेपालमा बसोवास गर्ने मधेशी समुदायका आदीवासी जनजाती, दलित, पिडावर्ग, उच्च वर्गका विवाहित महिलाहरुले मनाउँदै आएका जितियापर्व पहाडे समुदायले मनाउने तीज पर्व जस्तै खर्चिलो, भड्किलो र आधुनिक वन्दै गएको छ ।



विराटनग-१० शान्ति चौकमा पुजा गर्न बनाइएको जितुवाहन बाबाको मुर्तिमा ब्रतालु महिलाहरुले पुजापाठ गरी जितुवाहनको ब्रत कथा पण्डितवाट श्रवन गरेका थिए । तस्वीर : श्याम सुन्दर सुतिहार

जितिया पर्व विवाहिता महिलाहरुले आ-आफ्नो माईतीमा गई रमाईलो गरी मनाउने गरिन्थ्यो भने आजका महिलाहरुले माईती नगई आफ्नै छरछिमेकका महिलाहरुसंग मिली जितिया महोत्स नाम दिएर जितिया पर्व आउनु भन्दा एक हप्ता आगाडी

वांकी अन्तिम पेजमा...

## अन्तराष्ट्रिय मगही भाषा साहित्य सम्मेलन भव्यताका साथ सम्पन्न

विराटनगर । भारतीय सीमासंग जोडिएको तराई मधेशमा वोलिने मगही भाषा साहित्यको अन्तराष्ट्रिय मगही साहित्य सम्मेलन ३० र ३१ गते प्रदेश नं. १ को राजधानी विराटनरको जनकी सेवा सदनमा भव्यताको साथ सम्पन्न भएको छ ।

दुई दिन सम्म हुने अन्तराष्ट्रिय मगही भाषा साहित्य सम्मेलके प्रथम दिनको समुद्घाट गमलामा रोपेको फूलमा पानी हालेर प्रदेश नं. १ को समाजिक विकास मन्त्री जीवन घिमिरेले गर्नु भएको थियो ।

देशमा लोकतान्त्रिक गणतन्त्र संस्थागत हुंदै छ । लोकतन्त्रमा सवै जातजातिको भाषा, धर्म, संस्कृतिको जगेर्ना गर्ने काम सरकारको हो त्यसैले प्रदेश नं. १ सरकारले भाषा सुझाव समिति वनाएर प्रदेश नं. १ मा वोलिने भाषाहरुको अवस्था वारे समिति मार्फत जानकारी लिएका थिए । सो समितिले दिएको सुझाव अनुसार नेपार भरी १ सय १२५ भाषा वोलेता पनि प्रदेश नं. १ मा १ सय ६ भाषा वोलेको प्रतिवेदनमा उल्लेख छ । सोही प्रतिवेदनको आधारमा नेपालको सीमासंग जोडिएर वसोवास गरेका जातिजातिले सव भन्दा वढी मगही भाषा वोलिने भएकोले मगही भाषाको उत्थान र विकासको लागि जस्तो सुकै सहयोग गर्न तयार रहेको घिमिरेले प्रतिवद्धता जाहेर गरेको थिए ।

सोही अवसरमा मन्त्री घिमिरेले भने तराई मधेश क्षेत्रमा वसोवास गर्ने आदीवासी जनजाति, दलित, उच्चवर्ग र पिछडावर्ग लगायतको जातिहरुले मगही भाषा प्रयोग गरेको वताउँदै प्रदेश नं. १ मा सवभन्दा वढी मगही, त्यसपछि मैथली र भोजपुरी भाषा वोल्ने गरेको वताए ।

पहिलो दिनको सम्मेलनमा प्रदेश नं. २ को आठवटा जिल्ला र प्रदेश नं. १ को झापा, मोरंग, सुनसरी र उदयपुरको मगही भाषामा काम गर्ने अगुवाहरुको सहभागीताको साथै भारतको वंगालको कोलकाता र विहारको पटनाको मगध विश्वविद्यालयका प्राध्यापकहरुको सहभागीता रहेको थियो ।

गया विहार विश्व विद्यालय को प्रोफेसर उपेन्द्र कान्त वर्माले भने विहारमा सव भन्दा वढी वोलिने भाषा मगही हो तर हिन्दी र अग्रेजीले मगही भाषालाई

अन्तिम पेजमा...

## शान्ति सुरक्षाको लागि सि.सि.टीभी जडान

विराटनगर । प्रहरी सेवालाई प्रविधी मैत्री बनाई समाजमा घट्ने अपराध न्यूनिकरण तथा नियन्त्रण गरी अपराधको अनुसन्धान गरी समाजमा शान्ति सुरक्षा कायम गर्नका लागि मोरंग जिल्लाको राजमार्गमा ५८ वटा सि.सि.टि.भी जडान गरिएको छ ।

भदौ ३० गते जिल्ला प्रहरी कार्यालय मोरङको प्राङगणमा एक कार्यक्रमको आयोजना गरी प्रदेश नं. १ का मुख्य मन्त्री शेरधन राईले सो सि.सि.टि.भी.को समुद्घाटन गरेको थियो ।

सो उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्य मन्त्री राईले भने विकासको पहिलो सर्त नै सुरक्षा भएको हुँदा सुरक्षा व्यवस्थालाई पारदर्शी, भरपर्दो, मजबुद बनाउन प्रदेश सरकारले सुरूवात कालदेखिनै काम गरिरहेको वताए । त्यसैगरी प्रदेश सरकारले जडान गरेको सि.सि.टि.भी. को सहायताले अपराध अनुसन्धानमा उल्लेख्य उपलब्धी हाशिल हुने, यसले सुशासन कायम राख्न योगदान पुग्ने वताउादै प्रदेशभित्रका विकास निर्माण लगायत गतिविधिमा तथा जुनसुकै स्थानमा हुने भ्रष्टाचारमा प्रमाण भेटिए १ घण्टा भित्रै तुरून्तै कारवाही गरिने बताउनु भयो ।

प्रदेश अन्तर्गतका सबै सुरक्षा अंगहरूलाई थप मजवुद गराउन प्राथमिकताका साथ कार्यक्रमहरू कार्यान्वयन गरिने वताउँदै सिसिटिभिको जडानले प्रहरीको कार्यदक्षता थप अभिवृदि हुने र अपराध न्युनिकरण देखि अपराध नियन्त्रण र अनुसन्धान सम्म यसले प्रभावकारी भूमिका निर्वाह गर्ने वताउनुभयो ।

उक्त कार्यक्रमा स्वागत मन्तब्य तथा प्रतिवेदन प्रस्तुत गर्दै जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक विश्व अधिकारीले देशको कानून कार्यान्वयन गर्ने प्राथमिक जिम्मेवारी बोकेको नेपाल प्रहरी संगठनले प्रचलित संविधान, ऐन कानून बमोजिम देशमा शान्ति सुरक्षा र न्यायको प्रत्याभूतिका लागि संगठन प्रमुख प्रहरी महानिरीक्षकले जारी गरेका १० बुँदे सांगठनिक प्राथमिकतामा संघीयतामा प्रहरी संगठनको औचित्यपूर्ण व्यवस्थापन, अपराधका लागि कानूनी कठोरता, फौजदारी अपराध संहिताको प्रभावकारी कार्यान्वयन, मानव अधिकारको संरक्षण, उच्च प्रहरी व्यवसायिकता, नागरिक मैत्री

वांकी अन्तिम पेजमा...

## नोबेलमा नयाँ विद्यार्थीलाई स्वागत र अभिमुखिकरण

बिराटनगर । नोबेल मेडिकल कलेजमा भर्ना भएका पारामेडिकलका नया् विद्यार्थीलाई स्वागतसहित अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

सीटीईभीटीको पारामेडिकल कार्यक्रम अर्न्तगत स्टाफ नर्स, डिप्लोमा ईन फार्मेसी, ल्याव टेक्निसियन, डेन्टल हाईजिन र रेडियोग्राफीमा भर्ना भएका नया् बिद्यार्थीलाई स्वागत गरिएको थियो ।

नोबेलका नायब प्रमुख कार्यकारी अधिकृत डा.विश्वनाथ अधिकारी, शैक्षिक बिभाग निर्देशक प्रोफेसर एजी सिंह, अर्न्तराष्टूिय शैक्षिक निर्देशक डा.निरञ्जन कुमार, शैक्षिक कार्यक्रम संयोजक डिल्लीराम निरौला, जगन्नाथ बराल लगायतले बिद्यार्थीहरुलाई अबिर र खादा लगाएर स्वागत गरेका थिए । कार्यक्रममा पारामेडिकल कार्यक्रमका निर्देशक कमल पराजुली, नर्सिङ निर्देशक दुर्गा चौलागाई र नर्सिङ शिक्षिका डेजिना थापाले बिद्यार्थीहरुलाई कलेजको बारेमा जानकारी गराएका थिए ।

सो अवसरमा बोल्दै नोबेलका नायब प्रम'ख कार्यकारी अधिकृत डा.अधिकारी, शैक्षिक बिभाग निर्देशक प्रोफेसर सिंह, अर्न्तराष्टूिय शैक्षिक निर्देशक डा.निरंजन, शैक्षिक कार्यक्रम संयोजक निरौला लगायतले बिद्यार्थीलाई अनुशासित भई मेहनत गरेर अध्ययन गर्न सुझाव दिएका थिए ।

नोबेलमा तीन बर्षे पारामेडिकल कार्यक्रम अर्न्तगतका पाूच संकायमा १ सय ८० बिद्यार्थी भर्ना भएको कलेजका प्राचार्य डा.रामहरी घिमिरेले जानकारी गराए । नोबेलमा एम्डी, एमएस, एमवीवीएस, वीडीएस, वीएस्सी नर्सिङ, वीएनएस, स्टाफ नर्स, ल्याव टेक्निसियन, रेडियोग्राफी, डेन्टल हाईजिन र डिफार्म संकायमा करिव १ हजार ६ सय विद्यार्थी अध्ययनरत रहेका छन् ।

खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौ ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## न्यायिक...

छन् । जिल्ला प्रहरी कार्यालय अछामको तथ्याङक अनुसार ०७५ र ७६ मा १ सय ८३ वटा मुद्दा दर्ता भएका छन् । मदिरा सेवन गरी झैझगडा गरेको भन्दै ७०, श्रीमान् श्रीमती बीचको झगडाका ७७, घरायसी र अन्य झैझगडा २५ र सामाजिक झगडा २२ वटा दर्ता छन् ।

न्यायिक समितिले हेर्ने धेरै जसो मुद्दाहरू प्रहरी कार्यालयमा आउने गरेको अछामका प्रहरी प्रमुख डीएसपी जनक शाहीले बताए । उनले भने 'हामीले तपाईंहरू न्यायिक समितिमा जानु भन्दा मान्नु हुँदैन, यहीाबाट छिनोफानो गरिदिनु पर्‍यो भन्नुहुन्छ । त्यसैले मिलापत्रमा मिल्ने मुद्दाहरू प्रहरी कार्यालयमा मिलाउँछौं । धेरैलाई जानकारी नै छैन, त्यसैले प्रहरीमा आउाछन् ।' पीडित न्यायिक समितिमा जान मन पराउादैनन् । न्यायिक समितिमा जनशक्तिको अभावको कारण न्याय दिलाउने कुरामा ढिलाइका कारण पनि मुद्दाहरू प्रहरीमा आउने गरेको शाहीले बताए । (पत्रकार कावर अन्नपूर्ण पोष्टका लागि अछामबाट काम गर्छिन)

## जितुवाहन...

देखि नै सामुहिक रुपा नाचगान गरी मनाउने गरिन्छ ।

यसवर्षको जितिया पर्व दाई दिन पर्न गएको छ केही महिलाहरुले भदौ ३ गते शुक्रवार नुहाय खाई गरी शनिवार व्रत बसी आईतवार दिउसो ३ बसे पारन गर्ने छ । भने कही महिलाहरुले शनिवार नहाय खाई गरी आइतवार व्रत वसी सोम्वार पारन गर्ने भएको छ । यस पालिको जितिया पर्व दुई दिन मनाएका छन् । विवाहिता महिलाले मनाउने जितिया पर्वको मुख्य उदेश्य सन्तान प्राप्ती, सन्तान र पतिको दीर्घायु एवम परिवारमा सुख-शान्तिको लागि मनाउने गरिन्छ ।

विवाहिता महिलाहरुले यसवर्षको पर्व कोही महिलाहरु शुक्रवार कोही महिलाहरु शनिवार जलासय, कुण्ड, पोखरी, इनारमा गई तोरी तेल र खरी लिएर स्नानगरी पुजापाठ गरी चोखो हुने काम प्रारम्भ हुन्छ । सो दिन दिनभरी मिठो पकवानहरु पकाउने र खाने काम हुन्छ । त्यसै गरी सो पकाएको पकवान र दही, चिउरा, मिठाई, फलफुल लगायतका भोजनका सामग्रीहरु करीब राती ३ बजे उठेर सवै परिवारलाई खुवाएर व्रतालुहरु आफै पनि खाने चलन छ जसलाई स्थानीय भाषामा 'ओडगन' भनिन्छ ।

यस अवधिभन्दा पहिले नै व्रतालु महिलालाई भोजन गरिसक्नुपर्ने हुन्छ । त्यसपछि, पानी पनि पिउन नपाउने, थुक पनि निल्न नपाउने गरी निराहार व्रत बस्नु पर्छ । हिन्दू धर्मावलम्बीहरूले उपवास गर्ने पर्वहरूमा सबैभन्दा बढी समयसम्म उपवासमा बस्नुपर्ने र सो अवधिमा थुक पनि निल्न नपाउने कडा बन्देजका कारण यो पर्वलाई सबैभन्दा कठोर पर्वका रुपमा चित्रण गरिएको छ ।

त्यसैले यसपर्वलाई भड्किलो वनाउनु भन्दा अझ परापुर्व कालदेखि चल्दै आएको परम्परालाई जोगाउन तिर लाग्नु पर्ने समाजिक अगुवाहरुको भनाई छ ।

## अन्तराष्ट्रिय...

पछाडी गरिएको छ । त्यसैले विहारमा मगही भाषालाई भारतको संविधानको सूची ८ मा राख्न दवाव दिएका वताए । नेपालको पनि भारतका सीमा संग जोडिएर वसोवास गरेको जातिहरुको भाषा मगही भएकोले यो अन्तराष्ट्रिय सम्मेलनले मगही भाषाको अवाजलाई अझ बुलन्द गर्ने वताए ।

अन्तराष्ट्रि मगही भाषा साहित्य सम्मेलनमे विभिन्न जाति-जाति संघ संस्थाका प्रतिनिधी हरुको उपस्थिति रहेको थियो । सोही अवसरमा मगही भाषाको विकास र उत्थानमा लागेको मगही भाषा भाषीका ५ दर्जन व्यक्तित्वहरुलाई सम्मान गरेका थिए ।

सम्मानितहरुने हरुमा भारत विहारका मगध विश्व विद्यालयको प्रोफेसर, उपेन्द्र कान्त वर्मा, मगही मगध नागरिक संघको अध्यक्ष पारस सिंह, लगाइ १ दर्जन जति थिए । भने नेपालका अखिल नेपाल पिछडा वर्गका अध्यक्ष भरत प्रसाद महतो, कलाकार रमा मण्डल, पत्रकार श्याम सुन्दर सुतिहार, हिरालाल साह, अधिवक्ता संजु साह, अधिवक्त अनिल किशोर कामत, गायक झोटन महतो, कवि, पुजा वहार लगाइतलाई गम्छा र सम्मान पत्रवाट सम्मानित गरेको थिए ।

पहिलो दिनेको अन्तराष्ट्रिय मगही भाषा साहित्य सम्मेलन अन्तराष्ट्रिय मगही परिषद्को संयोजक वीरवहादुरको अध्यक्षता मा सम्पन्न भएको थियो ।

त्यसै गरी दोस्रो दिन साहित्यकार, कवि, गायक लगायतले आ-आफ्नो रचना सुनाएर सहभागीहरुलाई मनोरंजन गराएका थिए । दोस्रो दिनको कार्यत्रमको अध्यक्षता भाषा संस्कृति प्रतिष्ठान मोरंगको अध्यक्ष जय प्रकाश महतो अध्यक्षतामा सम्पन्न भएको थियो ।

## शान्ति...

प्रहरी, संगठन सुदृढीकरण, साधनश्रोतको ब्यवस्थापन, प्रहरी संगठनलाई नमुना संगठन र सुशासनको प्रहरेदारको रूपमा रूपान्तरण गर्नुको साथसाथै प्रविधियुक्त प्रहरीको रूपमा विकास गर्दै लैजाने प्रतिबद्धता ब्यक्त गर्नु भएको थियो ।

प्रहरी उपरीक्षक विश्व अधिकारीले अपराध नियन्त्रण तथा अनुसन्धानका लागि आवश्यक प्रविधिहरूको उपलव्धता महत्वपुर्ण हुने तथा हाल प्रदेश सरकारले यस जिल्लामा १ करोड १० लाख ९२ हजार ८ सय ७१ रुपियाको लागतमा राजमार्ग तथा सीमा गरी पहिलो चरणमा अं. ६० कि.मी मा ५८ वटा सिसिटिभि जडानले अपराध न्युनिकरण, नियन्त्रण र अपराध अनुसन्धानमा निकै सहज हुने बताउनु भयो ।

सुरक्षा संयन्त्रलाई भरपर्दो, दिगो र सुलभ बनाए वापत मुख्य मन्त्रीज्यूलाई धन्यवाद दिदै संगठन प्रमुख प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले सबैको मर्यादालाई केन्द्र बिन्दुमा राखेर यस्तो प्रविधि अनुसन्धानको लागि महत्वपुर्ण भएको, प्रविधिले कुनै भेदभाव र त्रुटि नगर्ने हुँदा मानवीय त्रुटीलाई प्रविधिको सहायताले कम गर्दै लैजाने वताउनु भयो ।

नेपाल प्रहरीलाई अझ एकाउन्टेवल, पार्दर्शिता र सुशासनको सारथी बनाउन समुदाय प्रहरी साझेदारी कार्यक्रम ल्याईएको वताउदै प्रहरी कर्मचारीहरूलाई अपराध र अपराधी विरूद्ध कठोर रूपमा प्रदर्शन हुन तथा आम सर्वसाधारणलाई प्रवाह गर्नुपर्ने सेवाको गुणस्तरीयता बढाउन निर्देशन समेत दिनु भयो ।

सो कार्यक्रममा मन्त्री, उद्योगी व्यवसायी, महानगर प्रमुख, उच्च अदालतका माननीय न्यायधिश लगायत समाजका प्रबुद्ध व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

# जबरजस्ती करणीको फरार अभियुक्त पक्राउ



विराटनगर । जबरजस्ती करणी मद्दा लागेको दुई जना प्रतिवादी फरार रहेकोमा जिल्ला प्रहरी कार्यालय मोरंगवाट खटिएको प्रहरीले दुवै जनालाई पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार २०७३ साल असोज १० गते जिल्ला मोरङ कटहरी गाउँपालिका वडा नं. २ स्थित प्रतिबादी रिता देवी मण्डलको घर कोठामा एक १५ बर्षीय नाबालिकालाई प्रतिवादी रितादेवी मण्डलले बोलाई जबरजस्ती करणी गर्न लगाएका थिए ।

जबरजस्ती करणी गर्ने जिल्ला मोरङ कटहरी गाउपालिका वडा नं. २ को सुरज कुमार मण्डलसग जवरजस्ती करणी गर्न लगाई ति प्रतिवादीहरू हालसम्म फरार रहेकोमा ती दुवैलाई २८ गते प्रतिवादीहरूलाई निजकै घरमा लुकी छिपी बसिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी आवश्यक कारवाहीको लागि सम्मानित जिल्ला अदालत मोरङमा बुझाईएको छ ।

त्यसै गरी जिल्ला प्रहरी कार्यालय मोरंगवाट खाटिएका प्रहरी टोलीले अवैध भन्सार छलि गरी भारतवाट नेपाल ल्याउदै गरेको सामान बरामद गरेको छ ।

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १४ स्थित नेशनल ट्रेडिङको कार्यालय नजिक जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १५ को ओम प्रसाद साहलाई पक्राउ गरेको हो ।

भारतको जोगवनीबाट प्लाष्टिकको बोरामा राखी भन्सार छली गरी अवैध रूपमा ल्याएको १ सय ९२ पिस लत्ताकडा अन्दाजी २८ हजार ७ सय ४० बराबरको सामान पक्राउ गरी आवश्यक कारवाहीको लागि मुल भन्सार कार्यालय रानी विराटनगरमा बुझाईएको प्रहरीले जनाएको छ ।

धुम्रपान र मद्यपान आजै देखि त्यागौं र निरोगी रहौं ।







खुल्यो ! खुल्यो !! खुल्यो !!!

सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा मलाया रोड विराटनगरमा यही मिति २०७६ साल बैखाख २८ गते देखि दिव्य ज्योती अस्पताल प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउदछौं ।

हाम्रो सेवाहरु

२४ सैं घण्टा ईमरजेन्सी सेवा, दैनिक ओ.पी.डी. सेवा, फिजिसियन सेवा, स्त्री रोग तथा प्रसुति सम्वन्धी ओपीडी सेवा, नव जात शिशु तथा बाल रोग सम्वन्धी सेवा, आँखा जाँच तथा अप्रेसन सेवा, हाडजोर्नी तथा नशा रोग सेवा, मेगौला प्रोस्टेट, मुत्रनली, मुत्रथैली र मुत्ररोग सम्वन्धी विशेषज्ञ सेवा, नाक कान घाँटी सेवा, दाँत मुख सम्वन्धी सेवा, ई.सी.जी . सेवा, डिजिटल एक्स-रे अल्ट्रासाउन्ड (USG), कम्प्यूटर स्व्चालित ल्याव, फार्मेसी ।

सम्पर्क

मलाया रोड, विराटनगर, मोरङ्ग फोन नं. ०२१-४७००५०/४७००८५

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

### कहिले हट्छ कालो दिवस ?

नेपालमा लोकतान्त्रिक संविधान घोषना भएको २०७२ साल असोज दिनका दिनलाई नेपालवास बसोवास गरेका केही जनताले दिपावलीका रुपमा मनाउंछ भने केही जनताले त्यो दिनलाई कालो दिनको रुपमा मनाउने गरेको छ । यसपालि पानि ७ बटा प्रदेश मध्ये ६ वटा प्रदेशले संविधान घोषणा भएको दिनलाई दिपावलीका रुपमा मनाएका छन् भने प्रदेश नं. २ दिपावली मनाउने सरकारले घोषणा गरे पनि कुनै कार्यक्रममा भने सहभागी नभई मौन बसेका थिए । त्यसै गरी थारु कल्यानण कारी सभा, तराई मधेश राष्ट्रिय परिषद् र आदीवासी जनजातीहरुले असोज ३ गतेलाई कालो दिनकै रुपमा नारा, जुलुस, कालो व्यानर, कालो झण्डा लिएर सरकारको विरोध जनाएका थिए । संविधानको विरोध संविधानको जन्म भए संगै देखि हुंदै आएको छ । संविधानको विरोध जनाउनेहरुलाई केही राजनीतिक दलहरुले वहुमतका सरकार छैन बहुमतको सरकार भए पनि तपाईहरुको माग संवोधन हुन्छ भनेर अश्वासन समेत दिएका थिए तर ती अश्वासनहरु सत्ता सम्हालेका नेकपाले अहिले विर्सी सकेका छन् । कालो दिवसलाई हटाई सवैको अपनत्व हुने गरी संविधान संशोधन गर्न पहलको जरुरी छ ।

सत्तापक्ष नेकपाको अहिले पूर्ण वहुमत छ । त्यसैले सरकारले संविधान दिवसको दिन दिपावलीको सट्ट कालो दिन मनाई रहंदा सत्ता पक्षले त्यसको खोजी गर्न अवश्यक छ । संविधानमा भएको त्रुटीलाई सम्बोधन गरी सवै जातजाति धर्मलाई अपनत्वको बोध हुने गरी संविधानलाई अविलम्व संशोधन गरी मागलाई सम्बोधन गनुपर्छ । अन्यथा कालो झण्डा देखाउनेको संख्या वढदै जान्छ र एक दिन नेकपाको संख्या कम हुन्छ । कालो झण्डालाई सानो समूह देखेर अन्देखा गर्नु हुंदैन । सरकारमा वसेका पार्टी समेतले संविधान दिवस नमनाउनु भनेकै अहिलेको संविधान प्रतिगामी संविधान भएको आम जनताको बुझाई र ठहरपनि छ ।

त्यसैले संविधाको विरोध गर्ने मधेशी, आदीवासी जनजाति, शिल्पी, पिछडावर्ग लगाइको मागलाई सरकारले अविलम्ब संशोधन गरी मागलाई प्रक्रिाय पुऱ्याएर सम्बोधन गर्नु पर्छ अन्यथा फेरी पनि देशमा आलो वल्ने, सर्वसधारणलाई प्रहारीले ताकिताकी हान्ने शहिदको संख्या वढाउनेमालाई सरकारले छोडी मागलाई संवोधन गर्नु पर्छ अन्यथा देशमा पुन द्वन्द्व फैलिने, समाजमा संकट आउने भएकोले संविधानलाई अविलम्व संशोधन गरौ र देशलाई वचाऔं ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : स्वास्थ्य, खास गरी आँखा तथा पेट सम्वन्धी समस्याले सताउला । शारीरिक आलस्यले जरो गाड्ने छ। परिवारिक चिन्ताले सताउने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : सहास र हिम्मतले धेरै काम बन्ने छ। आटेका काममा सफलता मिल्ने छ। सत्रुहरु परास्त हुने छन् । प्रशन्सा तथा मान सम्मानको योग रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आर्थिक मामिलाको काममा ठगिनुका साथै माल समान हराउने तथा हानी नोक्शानी हुन सक्ने योग रहेकाले सतर्कता अपनाउनु होला ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : शारिरीक तथा मानसिक ताप उत्पन्न होला । अत्यधिक परिश्रमले शारिरीक थकाई लागुनका साथै समान्य चोट पटकको सम्भावना छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : मन पर्ने समान किनमेल गर्नुका साथै उपयुक्त काममा लगानीको योग रहेको छ। भावी योजनालाई लिएर केही चिन्तीत वनाउने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) : केही सर्घर्ष गर्नु परेपनि अनन्त आटेका काममा सफलता मिल्ने छ। धार्मिक तथा मंगलिक काममा खर्च हुने योग देखिन्छ ।**

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : समयले विस्तारै कोल्टे फेर्न लागेको छ। रोकिएको काम क्रमश वन्दै जानेछन्। वादविवादमा आनसिक सफलता मिल्ने छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : स्वास्थ्यमा विशेष विचार पुऱ्याउनु होला। काममा सफलता मिलेपनि पछि गएर विध्न वाधा आउने योग रहेको छ ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : केही शारीरीक मानसिक सन्ताप उत्पन्न गराउने योग छ । आकास्मिक अस्वस्थ्यता आउने योग समेत रहेको छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : अनावश्यक विषयतमा मानसिक चिन्ता एवंम द्धुविधा उत्पन्न हुने छ। कामको व्यस्तताले शारिरीक थकान उत्पन्न गराउंला ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) : तपाईको स्वास्वास्थ्यमा सुधार हुदै जानेछ । अडिकिएका कामहरु क्रमश वन्दै जानेछ । प्रतिस्पर्धामा सफलताको योग छ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : पारिवारिक झमेला तथा सन्तानको चिन्ताले पिरोलिने छ । सानो तिनो शारीरीक अस्वस्थता समान्य चोट पटकको सम्भावना रहेको छ। सचेत रहनु होला ।

# न्यायिक समितिमा कम, प्रहरीमा बढी मुद्दा



गीता कुँवर

अछाम । शोभा कडायतको विहे भएको ९ वर्ष पुग्यो । साफेबगर नगरपालिका- १२ खप्तडकी उनका चार सन्तान छन् । १७ वर्षको उमेरमा खगेन्द्र कडायतसँग प्रेम विवाह गरेकी शोभाको केही वर्षसम्म त वैवाहिक जीवन रामैसाग चलेको थियो । गत वर्ष पुसमा उनले नसोचेको भयो ।

शोभाका श्रीमान् खगेन्द्रले बझाङबाट विहे गरेर दोस्रो श्रीमती ल्याए । त्यसपछि शोभालाई गाली गलौज कुटपिट सुरु हुन थाल्यो । दुबैजना मिलेर दिनरात गाली गर्न थालेको शोभाले बताइन् । 'पोईल जा । किन बसेकी छस् भन्छन् । कतिदिन त छोराछोरीसँगै भोकभोकै बसे । जेठी छोरीलाई पढाउाछु भनेर काठमाडौ अर्काको घरमा काम गर्न पठाएका छन् । छोरी मेरो सम्पर्कमा छैन' उनले पीडाको पोको फुकाइन् ।

आजभोली त उनलाई आफू मात्र हैन, धेरै महिला अन्याय सहनै जन्मेको जस्तो लाग्छ । छोरालाई समेत कहिलेकाहीं खोसेर लग्छन्, रुादा कराउादा पनि फिर्ता गर्दैनन् । घरपरिवार सबै मिलेर कुटपिट गर्ने काम बन्द नभएपछि उनले नगरपालिकामा गठित न्यायिक समितिमार्फत प्रहरी समक्ष पुग्न सहयोग होला भनेर दुई पटक उजुरी दिइन् । शोभाले उजुरी दिएको थाहा पाएपछि खगेन्द्रले नगरपालिकामा पटक-पटक फोन गरेर उजुरीको सुनुवाई नगरिदिन दबाब दिन थाले । त्यसपछि त न्यायिक समितिले पनि उल्टै श्रीमानसँग मिलेर बस्नु भनेर पठाइदियो ।

न्यायिक समितिमा न्याय नपाएपछि उनलाई सिधै प्रहरीमा गएको भए न्याय पाउँथे भन्ने लागेको छ । उनले भनिन् 'कैलालीको ५ का जमिन तपाईको नाममा छ भइहाल्यो नि । अब मिलेर बस्नु भने । कहिकतैबाट सहयोग भएन । छोराछोरीका लागि भए पनि सहेर बस्नुपर्छ भन्नेमा पुगें ।' आजभोली शोभालाई गाउँका अरु महिलाहरूले समेत उजुरी किन गरेको भनेर हप्काउने गर्छन् । महिला भएपछि सहनुपर्छ भनेर भन्छन् । बहुविवाह गरेका खगेन्द्र कडायतलाई कारवाही हुनुको साटो अहिले खप्तड जलविद्युत आयोजना उपभोक्ता समितिको अध्यक्ष बनाइएको छ ।

मंगलसेन नगरपालिका-१२ बान्नातोलीकी वसन्ती परियारले १६ वर्षको उमेरमा सोही नगरपालिकाको वडा नम्बर १० जुपुका जोगी परियारसँग प्रेम विवाह गरिन् । विहे गरेको अहिले ८ वर्ष भयो । उनीसँग ५ वर्षकी छोरी छिन् । विहे गरेको तीन वर्षसम्म राम्रैसँग जीवन चलेको थियो । छोरी जन्मिएपछि घरमा खटपट सुरु भयो । श्रीमान, सासूससुराले विभिन्न बहानामा गाली गलौज गर्न थाले । घरमा बस्ने वातावरण नभएपछि अहिले उनी छोरीसागै माइतीमा बसिरहेकी छन् ।

घरपरिवारले नमान्दा वसन्तीको अहिलेसम्म नागरिकता समेत बनेको छैन । उनले भनिन् 'सासूससुराकै कारणले गर्दा श्रीमान्सँग सम्बन्ध बिग्रियो । अहिले अर्को विहे गरिसक्यो भनेर धेरैको मुखबाट सुनेको छु । छोरीको भविष्यको निकै चिन्ता लाग्छ ।' नागरिकता बनाइदिन पटक/पटक आग्रह गर्दा समेत अहिलेसम्म नबनेको वसन्तीले बताइन् । वडाबाट सिफारिस बनाए पनि साक्षी बस्ने कोही नहुँदा आफ्नो नागरिकता नबनेको उनले बताइन् ।

वसन्तीलाई नागरिकता बनाउन नगरपालिकाको न्यायिक समितिले सहयोग गर्छ भन्ने लागेको थियो । तर पनि केही भएन । आयआर्जनको बाटो पनि केही नहुँदा निकै समस्या हुने गरेको उनले बताइन् । नागरिकता बन्छ कि भनेर वसन्ती एक हप्तासम्म मंगलसेनको सेफ हाउसमा बसिन् । नागरिकता बन्ने छाँटकाँट नभएपछि उनी माइत फर्किन् ।

मंगलसेन नगरपालिका न्यायिक समितिका संयोजक सरिता उपाध्यायले भने नागरिकताका लागि पहल गरे पनि वसन्ती सम्पर्कमा नआएको बताइन् । उनले भनिन् 'प्रशासनबाट वसन्तीको ससुरालाई नागरिकताको लागि आउन भनी पत्र समेत पठायौं । तर उहाँले पहिला वसन्तीले आफ्नो घरमा आउनु पऱ्यो अनि मात्र नागरिकता बनाइदिने भने ।' उपाध्यायले भनिन् 'हामीले पनि एकपटक वसन्तीलाई घर जानु भन्यौं । त्यसपछि उहाँ सम्पर्कमा आउनु भएन ।' वसन्ती भने घरमा जाँदा कुटपिट हुने गरेकोले घरमा जान नसक्ने बताउँछिन् ।

नेपालको संविधान २०७२ को भाग १७ को धारा २१७ मा व्यवस्था गरिएको न्यायिक समिति अन्तर्गत उपधारा १ मा कानून बमोजिम आप्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउापालिका वा नगरपालिकाको प्रत्येक स्थानीय तहले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था गरेको छ । न्यायिक समितिले सर्वसाधारणको विश्वास लिन नसक्दा न्यायिक समिति गठन भएको २ वर्ष बित्दा पनि न्याय माग्न आउनेको सख्या न्यून रहेको छ ।

न्यायिक समिति गठन भएपछि आर्थिक वर्ष ०७५र०७६ मा साँफेबगर नगरपालिकामा ६ मुद्दा, मंगलसेन नगरपालिकामा १०, मेल्लेख गाउँपालिमा ५ र पञ्चदेवल विनायक नगरपालिमा १४ वटा मुद्दा दर्ता भएका छन् ।

मेल्लेख गाउापालिकामा न्यायिक समितिका संयोजक धनबहादुर शाह छन् । मेल्लेखको न्यायिक समितिमा अहिलेसम्म एउटा पनि महिला हिंसाका मुद्दा आएका छैनन् । त्यसै त यहाँ उजुरी कम आउँछन, त्यसमाथि न्यायिक समितिको संयोजक पुरुष भएपछि महिला हिंसा सम्बन्धी उजुरी नै नआउने गरेको उनले बताए । 'यहाँ धेरै जसो वन र जग्गा सम्बन्धीमात्र उजुरी आउँछन् । त्यसैले पनि छुट्टै इजलास कक्ष त झन् बनाएकै छैनौं' शाहले भने ।

न्यायिक समितिमा कार्यसम्पादन सम्बन्धी विज्ञ नहुँदा कानूनी जटिलता देखिएको जिल्लाका कतिपय न्यायिक समिति संयोजकको भनाइ छ । समितिका पदाधिकारीमा समेत कानूनी ज्ञानको अभावले विवाद समाधानमा ढिलाइ हुन्छ । यसले गर्दा महिलाले झन् हिंसा खेप्दै आएका छन् ।

अछामका १० स्थानीय तह मध्ये साफेबगर नगरपालिकाले मात्र छुट्टै इजलासको कक्ष बनाएको छ । मुद्दा छलफलका क्रममा निकै समस्या हुन थालेपछि छुट्टै इजलास बनाएको उपप्रमुख बिमला बुड्थापाले बताइन् । उनले भनिन् 'पीडित महिलाहरू खुलेर बोल्न सक्ने अवस्था हुन्न, त्यसैले छुट्टै कक्ष चाहिन्छ ।'

स्थानीय तहले न्यायिक समिति अन्तर्गत गाउँगाउँमा अहिले मेलमिलापकर्ता समेत परिचालन गरेका छन् । प्रत्येक वडामा ३ जनासम्म मेलमिलापकर्ता खटाइएको छ । साँफेबगर नगरपालिका-३ सिद्धेश्वरका मिलमिलापकर्ता भरत कुँवरले गाउँमा दुई वटा घरायसी विवाद मिलाउन सफल भएको बताए । उनले भने 'धेरै ठूलो अनुभव केही पनि छैन, सुरुआती चरणमा छौं । विवाद मिलाउने काम सामान्य होइन । कहिलेकाहीं निष्पक्ष गर्दा निकै समस्या हुने गरेको छ । तर पनि यसमा कसैको हार जित नभएर दुवैले जितेको अनुभूति गराएका छौं ।'

मदिरा सेवन गरी झै-झगडा गरेको भन्दै ७०, श्रीमान् श्रीमती बीचको झगडाका ७७, घरायसी र अन्य झै-झगडा २५ र सामाजिक झगडा २२ वटा दर्ता छन् ।

मेलमिलापकर्ता राजमती कावरको अनुभव पनि फरक छैन । राजमतीका अनुसार गाईगोरुले खेतीपाती खाएको, घरमा दाजुभाइहरूको झगडा जस्ता विवाद मिलाएको बताइन् । 'महिलामाथि भएका हिंसा गाउँघरमा धेरै छन् । तर बाहिर आउन सकेका छैनन् । उनले भनिन् 'न्यायिक समितिका बारेमा पनि हामी जानकारी गराउँछौ । तर यस्ता खालका मुद्दा प्रहरीमै जाने गरेको छ ।' उनका अनुसार धेरै महिला छोराछोरीको भविष्यका लागि भन्दै सहेर बसेका छन् । कतिले सहन नसकेर उजुरी दिंदा समेत न्याय पाएका छैनन् । सबैजसो मुद्दामा खुल्ला छलफल गर्नुपर्ने कारण समस्या परेको स्थानीय जनप्रतिनिधिको अनुभव छ ।

स्थानीय तहमा भवन अभावका कारण दैनिक कार्य सम्पादनमा समस्या भइरहेका बेला इजलास कक्षका लागि कुनै व्यवस्था गर्न नसकिएको न्यायिक समितिका संयोजक बताउँछन् । छलफलका क्रममा गोपनीयता नहुने भएकाले पीडित महिलाहरूले खुलेर बोल्न सक्ने अवस्था नरहेको पञ्चदेवल विनायक नगरपालिकाका न्यायिक समितिका संयोजक अम्बीका चलाउनेले बताइन् । उनले भनिन् 'गोपनीयताका लागि इजलास कक्षको आवश्यकता छ । तर पनि भवनको समस्या छ । त्यसैले इजलास कक्ष बनाउन सकेका छैनौं ।'

यस्ता धेरै कारणले गर्दा पीडितहरू न्यायका लागि स्थानीय निकायमा भन्दा प्रहरीमा बढी गएका

वांकी अन्तिम पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आाखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**प्रो. मनराज भगत**
जय माँ कालीवन्दी पेपर प्लेट उद्योग
विराटनगर-१०

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुरक्षा अस्पताल प्रा.लि.
परिवार विराटनगर

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**लाईफ गार्ड हस्पिटल**
परिवार बरगाछी विराटनग-१०

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रमोद कोईराला (प्रमख)
र खाद्य प्रविधी तथा गु
कार्यालय विराटनगर

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
...नी हस्पिटल प...
हस्पिटल चौक विराटनर

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
...डेन हस्पिटल प...
हस्पिटल चौक विराटनर

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
...ल हस्पिटल पा...
हस्पिटल चौक विराटनर

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
...स्पिटल प्रा.लि. ...
हस्पिटल चौक विराटनर

## मगही भाषा

# मगही भाषा के गीत

३१

आज ललना जी के छठी तऽ छठी मनाना है ?
सासु जी अइहें, ननदी भी अइहें गोतनी भी है मुझे वैरिन-
तभी भी बुलाना है । आज ललना जी के छठी, तऽ छठी मनाना है ।
सासु जी अइहें, नेग सुनइहें, उनको के रुपया भंजा के, अठन्नी नेग देना है ।
गेतनी जे अइहें हलुआ घाटन को, उनका अठन्नी भंजा के बदलिया चुकाना है ।
ननदी जे अइहें काजर पारन के, उनको चवन्नी भंजा के दुअन्नी नेग देना है ।

३२

पलंगऽ बयठल हथ महादेव, मचिया गउरा देई हे ?
हमरा पुतरवा के साध, पुतर कइसे पायब हे ।
करबई में छठ एतवार, सूरज गोड लागब हे ।
मिलि जुलि पारथी बनायब, पुतर फल पायब हे ।
कुरखेत मटिया मंगायब, गंगाजल सानब हे ।
काँसे कटोरिया पारथी बनायब, फल-फूल लायब हे ।
देबइन हम अछत-चनन अउरो बेल पत्तर हे ।
देबइन हम अछत-चनन अउरो बेल पत्तर हे ।
देइबन धथुरवा के फूल, भांग घोटि लायब हे ।
करबइन मे बरत परदोस पुतर फल पायब हे ।
एक पख पुजल दोसर पख, तेसरे चढि आयल हे ।
पूरी गेल गउरा के मनकाम, पुतर फल मिलल हे ।

३३

राजा बोया गरिया छोहरबा हे, बदमावाँ मोरा मन-भावे रे ।
अंगना में लेमु बोया, दुअरे अनार बोया जी, राजा बोया है छुहरवा, बदमवाँ.....
अंगने मे लेमु फला, दुअरे अनार फला जी राजा फला है छुहरवा, बदमवाँ मोरा मन भावे रे ।
अंगने का लेमु पका, दुअरे अनार पका, पका है छुहरवा बदमवाँ मोरा...
अंगने का लेमुआ तोडा, दुअरे अनार तोडा, राजा तोडा हे छुहरवा  बदमवाँ मोरा...
गेलूँ में बृंदावन, हुए हैं नन्दला, होरिलवा मोरा मन भावे रे ॥

भरत प्रसाद महतो

## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

**सुनवर्सी नगर पालिकाका कार्यालय मोरंग**

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
प्रमुख
सुनसरी मोरंग सिचाई योजना

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
पा इग्लीस वोर्डि
नय परिवार विराट

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
जन खत्री (प्रमु
हेल्थ कलेज विर

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
मेमोरियल उच्च
शान्ति चौक विर

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
दिनबन्धु गोयल
उद्योगी/समाज से

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
द्य परमेश्वर मु
मुर्मु जडीबुटी सेन्ट

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
नरेन्द्र पौडेल (प्रमुख)
मालपोत कार्यालय मोरंग परिवार

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
अमित राठी
प्लास्टिक उद्योग

# जितिया पर्वको कथा

एक किंवदन्ती अनुसार प्राचीनकालमा एक सारीबाहन नामक राजाको छोरी मसवासीले विवाह नै नगरी कुमारी अवस्थामै गर्भधारण गर्छिन् । कसैसँग शारीरिक सम्पर्क नै नगरी एक बालकको जन्म हुन्छ । सो बालक निकै तीक्ष्णबुद्धि र बलसालीभएकाले ऊ आफ्ना साथीहरूसँग कहिल्यै पराजित हुँदैन । कहिल्यै नहार्ने जित्नेमात्र भएकाले उसको नाम जितुवा हुन्छ । उसको सफलता सहन नसकी उसका साथीहरू एकदिन जितुवालाई हराउने

योजना बनाउँछन् । एउटा गुफामा आमाको नामबाट पस्ने तर निस्कादा बाबुको नाम लिएर निस्कने । जो निस्कन सक्छ उही विजय हुन्छ भन्ने शर्त राखिएको हुन्छ । जितुवा पनि साथीहरूको सर्त मन्जुर गरी गुफामा आमाको नाम लिएर त पस्छ तर निस्कने बेला उसले बाबुको नाम थाहा पाउँदैन । त्यसपछि ऊ गुफाभित्रै बस्न बाध्य हुन्छ, निस्कन पाउँदैन । उसको आमाले सो कुराको जानकारी पाएपछि गुफामा गएर बाबुको नाम सूर्य भगवान भनेर बताउँछिन र ऊ गुफाबाट बाहिर निस्कन्छ । आमाले बाबुको नाम सूर्य भगवान बताए पनि उसलाई भने विश्वास लाग्दैन । आमालाई पुन : बाबुको नाम बताउन बारम्बार आग्रह गर्छ । बाबुको नाम सूर्य नै हो भनेपछि उसले आमालाई बाबु भेटाइदिन आग्रह गर्छ । तर आमाले बाबुलाई भेट्नजाँदा जलेर नष्ट होइने बताए पनि जितुवा मान्दैन । ऊ आफ्नै जिद्दीले बाबुसँग भेट्न भनी घरबाट एक्लै निस्कन्छ । त्यो कुराको जानकारी सूर्य भगवानले पाएपछि जोगीको भेषमा जितुवासँग बाटोमा भेट्न निस्कन्छन् । जितुवालाई तिमी कहाँ जाँदैछौं भनेर सोध्दा उसले बाबु सूर्यसँग भेटन निस्केको जबाफ दिन्छ । तर सूर्य त आगोको झिल्को भएकाले जलेर नष्ट भइन्छ भन्दासमेत उसले मान्दैन । जोगीको कुरा नसुनी ऊ अगाडि बढ्छ । जोगीले म नै तिम्रो बुवा सूर्य भगवान हुँ भने पनि उसले विश्वास गर्दैन । पछि सूर्यले जितुवालाई सम्झाई बुझाई संसारका चेलीबेटीहरू कृष्णपक्ष सप्तमीदेखि नवमितिथिमा उपवास, बसी पूजापाठ गरे उनीहरूको सन्तानको विजयी हुने सफलता तथा दीर्घायुहुने वरदान दिएपछि जितुवा विश्वास गर्छ । थारु समाजमा तबदेखि नै यो पर्व मनाउने सुरुवातभएको मान्यता छ ।

कनकावती नगरको मध्यभाग स्थित नर्मदा नदीको डिलमा पाकरीको रूखको फेदमा स्याल बस्थ्यो भने हाँगामा चिल । दुईटैको बीचमा घनिष्ठ मित्रता थियो । एक दिन जितिया पर्व मनाउने महिलाहरू नर्मदा नदीमा स्नान गरी त्यही रूखको फेदमा बसेर जिमूतवाहन देवतालाई प्रसाद चढाएर कथावाचन गर्दै थिए । व्रतालू महिलाहरूको कथा सुनेर चिल र स्याललाई पनि जितिया व्रत सम्पादन गर्ने इच्छा जागृत भयो। दुइटैले सल्लाह गरी व्रत लिने निधो गरे । उनीहरूले व्रत प्रारम्भ गरेपछि त्यसै रातमा नर्मदा नदीको किनारमा एकजना व्यापारीको छोराको दाहसंस्कार गरियो । मृतकका आफन्तले शवको अधिकांश भाग जलेपछि छोडेर घर फर्के । उनीहरू फर्केर गएको देखेर स्याललाई मृतकको मासु खाने इच्छा जाग्यो र साथी चिललाई थाहै नदिई मासु पनि खायो । त्यस मासुमध्ये केही लुकाएर राखेको दृष्य चिलले हेरिरहेको थियो । यसरी खाने कुराको लोभले गर्दा त्यस स्यालको व्रत भंग भयो । आयु पूर्ण भएपछि ती दुबै मित्र चिल र स्यालको मृत्यु भयो । अर्को जन्ममा दुवैको जन्म भास्कर नामक ब्राहृमणका घरमा भयो । पूर्वजन्मको चिल ब्राहृमणकी जेठी छोरी शीलावती र स्याल ब्राहृमणकी कान्छी छोरी कर्पूरावतीका रूपमा जन्मन पुगे । जेठी शीलावतीको विवाह धनमानको घरमा र कान्छी कर्पूरावतीको विवाह राजाका घरमा भयो । शीलावतीका सात भाइ छोरा जन्मिए तर महारानी भएकी कर्पूरावतीको एउटा छोरो जन्मियो, त्यो छोरो पनि अल्पायुमा नै दिवंगत भयो । वर्षौंसम्म दिदीबहिनीको सम्बन्ध चिसिएको थियो, कालान्तरमा दिदीबहिनीको भेट हुँदा दिदी शीलावतीले आफ्नी बहिनीलाई पूर्वजन्मको घटना स्मरण गराउँदै अघिल्लो जन्ममा व्रत भंग गरेको हुनाले यस जन्ममा उनको सन्तानको मृत्यु भएको बताइन् । दिदीबाट समस्त वृत्तान्त थाहा पाएपछि बहिनी कर्पूरावतीले जिमुतवाहनको विधिवत् व्रत लिइन् । त्यस व्रतको प्रभावले उनका प्रशस्त सन्तति भए र सुखसम्मृद्धिका साथ बााकी जीवन बिताइन् । त्यसै कारणले यो व्रत जति कठोर भए पनि व्रतलाई कसैले खण्डित गर्न चाँहदैनन् । स्रोत : साझा संस्कृति ।

## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जतातते फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउँ नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

**रंगेली नगर पालिकाको कार्यालय**
**रंगेली मोरंग, प्रदेश नं.१**

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



हार्दिक मंगलमय
**शुभकामना**

२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

न्द किशोर रार्ट
गी एंव समाज रं

हार्दिक मंगलमय
**शुभकामना**

२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रमुख
ल आयल निगम क्षे
कार्यालय विराटनग

हार्दिक मंगलमय
**शुभकामना**

२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रमुख
कास संस्थान कन

हार्दिक मंगलमय
**शुभकामना**

२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शकिशन मुन्दड
वेनारा ग्रुप परिवार

हार्दिक मंगलमय
**शुभकामना**

२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

NEURO CARDIO MULTISPECIALITY
HOSPITAL PVT.LTD. BIRATNAGAR

हार्दिक मंगलमय
**शुभकामना**

२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

चिल्ड्रन हस्पिटल
राटनगर-८ मधुमार

हार्दिक मंगलमय
**शुभकामना**

२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

आँखा अस्पताल
रोडशेष चौक विराटनगर

हार्दिक मंगलमय
**शुभकामना**

२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रमुख
ङ्ग कर्पोरेशन लि. वि

## स्वास्थ्य

# ग्रिन टी पिउनुको फाईदा



नियमित रुपमा ग्रिन टी पिउने मानिसहरुमा मुटुरोगसँग जोडिएका विभिन्न खाले स्वास्थ्य समस्याबाट अकालमै मृत्युको खतरा कम हुने एक अध्ययनले देखाएको छ । हालै भएको अध्ययनबाट यो तथ्य प्रकाशमा आएको हो । जापानी वैज्ञानिकहरुले ४० देखि ६९ वर्षसम्मका ९० हजार मानिसमा ४ वर्षसम्म गरेको अध्ययनबाट यस्त निष्कर्ष निकालेका छन् ।

दिनमा केवल एक कप भएपनि ग्रिन टी पिउने महिलामा असामयिक मृत्युको जोखिम १० प्रतिशत कम हुने अध्ययनले देखाएको छ । जबकी दिनमा ६ कप ग्रिन टीले मुटु सम्बन्धी रोगबाट हुने अकाल मृत्युको जोखिमलाई १७ प्रतिशतले कम गर्छ ।

अनल्स अफ इपिडिमियोलोजी जर्नलमा छापिएको शोधका अनुसार पुरुषमा पनि ग्रिन टी ले महिलामा जस्तै सकारात्मक प्रभाव पार्ने देखिएको छ ।

ग्रिन टी मा उच्च मात्रामा एन्टी अक्सिडेन्ट हुन्छ जसलाई पोलीफिनाल्स भनिन्छ। साथै ग्रिन टीमा इपिग्लोकेटेसिन गलेट अर्थात् इजीसीजी भन्ने तत्व पनि पाइन्छ। यो तत्वले रक्तचापलाई सन्तुलित गर्नका साथै शरीरमा बोसो नियन्त्रण गर्न पनि सघाउाछ ।

**पुनर्निमाणमा कमजोर वर्गलाई मद्दत गरौं !**

पुनर्निमाण तथा जनजीविकाको क्षेत्रमा क्रियाशील संघ/संस्था तथा व्यक्तिहरुले सहायता गर्दा सिमान्तकृत समुदाय, एकल महिला, वृद्धवृद्धा, विपन्न दलित, अपांगता भएका व्यक्ति र परिवारलाई प्राथमिकता दिऔं । उनीहरुलाई जीविकोपार्जनमा सहभागी गराई आत्म सम्मानपूर्ण जीवन बाच्ने अवसर दिलाऔं ।

नेपाल सरकार
सुचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**नगरवासीमा अनुरोध**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउँ नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

**दुहवी नगर पालिकाको कार्यालय**
**दुहवी सुनसरी**